# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व )

आयोजना व्यवस्थापन निर्देशनालय

काठमाडौं उपत्यका प्रशारण क्षमता सुदृढिकरण आयोजना

**सार्वजनिक लिलाम बढाबढको सूचना**

सूचना न. :- ०१ (लिलाम बढाबढ)/२०७९ /०८०

(प्रथम पटक प्रकाशित मिति: २०८०/ ०३/२९)

नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय अन्तर्गत ठिमी वितरण केन्द्र मातहत रहेको भक्तपुर जिल्ला मध्यपुर थिमि न.पा. वडा नं. ६ स्थित ठिमी स्वीचिङ्ग सवस्टेशनको कम्पाउण्ड भित्र रहेको भवन भत्काउने र भत्काईएको भवनको कवाडी (Scrap) सामानहरु (ईलेक्ट्रिक सामान, मेशिन वाहेक) भवन संरचना मात्र जे जस्तो अवस्थामा छ सोही अवस्थामा ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली २०६८ (संसोधन सहित) विनियम ४६ उपविनियम ११ तथा विनियम ४७ मा व्यवस्था भए बमोजिम सार्वजनिक लिलाम बढाबढ प्रक्रियाबाट विक्रि गरिने भएकाले यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित सूचना बमोजिम ईच्छुक प्राकृतिक व्यक्ति, फर्म वा कम्पनीले प्रथम पटक प्रकाशित सुचनाको मितिले २१ औ दिन (मिति २०८० । ०४ । १८) दिनको २ बजे भित्र उपस्थित भई आफ्नो नाम लेखाई लिलाम बढाबढ प्रक्रियामा सहभागी हुन पर्नेछ र सोहिदिन दिनको ३ बजे लिलाम बढाबढ गरिने गरि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

## सार्वजनिक लिलाम बढाबढको विवरणहरु निम्नानुसार रहेको छ :

१. मालसामानको विवरण : भक्तपुर जिल्ला मध्यपुर थिमि न.पा. वडा नं. ६ स्थित नेपाल विद्युत प्राधिकरण, ठिमी वितरण केन्द्र अन्तर्गत रहेको स्वीचिङ्ग सवस्टेशनको कम्पाउण्ड भित्र रहेको भवन भत्काउने र भत्काईएको कवाडी (Scrap) सामानहरु ।

२. न्यूनतम कवोलमूल्य : रु.१,६०,९३१ । २५ (अक्षेरुपी एक लाख साठी हजार नौ सय एकतीस पैसा पच्चिस) बाट वढावढ शुरु हुनेछ ।

३. स्थान : भक्तपुर जिल्ला मध्यपुर थिमि न.पा. वडा नं. ६ स्थित नेपाल विद्युत प्राधिकरण, थिमी वितरण केन्द्र अन्तर्गत रहेको थिमी स्वीचिङ्ग सवस्टेशन ।

४. लिलाम बढाबढमा सहभागी हुन नाम लेखाउने अन्तिम मिति २०८०|०४|१८ दिनको १ बजे सम्म रहेको छ र सोहिदिन दिनको ३ बजे लिलाम बढाबढ गरिनेछ ।

५. लिलाम बढाबढको न्यूनतम मूल्य रु.१,६०,९३१ । २५ बाट सुरु हुनेहुदा न्यूनतम मूल्यको १० प्रतिशत ले हुने रकम सबै बोलकबोल दाताहरुले नगदै जम्मा गर्दै जानु पर्नेछ । डाँक अंक बढ्दै गएमा सोही अनुपातमा कबोल गरेको रकमको १० प्रतिशतले हुनआउने रकम क्रमश: नगदै धरौटी रकम थप गर्दै जानुपर्नेछ ।

६. लिलाम बढाबढमा भाग लिन चाहने प्राकृतिक व्यक्ति, कम्पनी तथा फर्महरूले पेश गर्नु पर्ने कागजातहरु यस प्रकार रहेको छ :

क. प्राकृतिक व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्र, स्थायी लेखा नं दर्ता प्रमाणपत्रको सक्कल तथा छायाकापी पेश गर्नु पर्नेछ ।

ख. फर्म वा कम्पनीले नवीकरण बहाल रहेको र करचुक्ता रहेको प्रमाण सहित दर्ता प्रमाणपत्र, करदर्ता प्रमाणपत्रको, लिलाम बढाबढमा भाग लिने सम्वन्धी आधिकारिक निर्णय,अख्तियारीपत्र र अख्तियार प्राप्त व्यक्तिको परिचय खुल्ने सक्कलै कागजात समेत पेश गर्नुपर्नेछ ।

७. लिलाम सकार कर्ताले लिलाम सकार गरेको रकम ३ (तीन) कार्यदिन भित्र यसैसाथ संलग्न सम्झौताको नमुना बमोजिम दुवै पक्ष बिच सम्झौता गरि सोहि अनुसार आफुले बोलकबोल सकार गरेको मूल्य बराबरको सम्पूर्ण रकम ने. वि. प्रा.को सानिमा बैंकमा रहेको खाता नं. ०१५०१००२००००३३ मा जम्मा गरिसक्नु पर्ने छ।

८. सम्झौता बमोजिम कार्यालयको स्वीकृत आदेश अनुसार उल्लेखित भवन भत्काउने कार्य सुरु गर्नु पर्नेछ। भत्काइएको कवाडी (Scrap) सामानहरु मध्ये प्रयोग गर्न मिल्ने र नमिल्ने गरि २ भागमा छुट्टयाइ, प्रयोगमा नआउने सामानहरु पहिला उठाई लैजाने र अन्य प्रयोग गर्न मिल्ने सामानहरु उठाई लैजादा कार्यालय समय (१० बजे देखि ४ बजे) भित्र कार्यालयले तोकिदिएको आधिकारिक प्रतिनिधिको उपस्थितिमा सबै कवाडी (Scrap) सामानहरु १५ पन्ध्र दिनको समयावधि भित्र उठाई फिल्ड खाली गराई सक्नु पर्ने छ लिलाम सकार गरेको उक्त कवाडी (Scrap) सामानहरु लिलाम सकार गरेको स्थान देखि अनेत्र लैजादा स्थानीय कुनै कर वा अन्य आर्थिक दायित्व लाग्ने भएमा सो कर वापतको रकम लिलाम सकारकर्ता आफैले व्यहोर्नु पर्ने छ।

९. भवन भत्काउने कार्य गर्दा Foundation को Slab भत्काउन बाहेक Heavy equipment प्रयोग गर्न पाइने छैन। भवन भत्काउदा उक्त स्थानमा बाताबरणलाई असर पर्ने खालका अन्य Mechanary उपकरण हरु प्रयोगमा ल्याउन पाइने छैन।

१०. भवन भत्काउने प्रक्रिया र समय नेपाल बिद्युत प्राधिकरणले तोके बमोजिम हुने छ।

११. लिलाम बिक्रि गरिने भवनको विवरण र अवस्था हेर्न चाहने प्राकृतिक व्यक्ति, संस्था तथा फर्मले कार्यालय समयको ११ बजे देखि ३ बजे सम्म ने.वि.प्रा. तालिम केन्द्र, (आयोजनाको कार्यालय रहेको स्थान) खरिपाटी भक्तपुरमा वा फोन नं ०१६६१५४५७ मा सम्पर्क गरि जानकारी लिन सकिने छ।

१२. सार्वजनिक लिलाम बढाबढ प्रक्रियामा समावेश भएका प्राकृतिक व्यक्ति, कम्पनि तथा फर्महरुले आफूले लिलाममा भाग लिने व्यक्ति बाहेक अन्य दोस्रो व्यक्ति वा पक्षलाइ प्रत्यक्ष / अप्रत्यक्ष रूपमा सहभागी गराउन पाइने छैन।

१३. लिलाम प्रक्रियामा भाग लिन आउने व्यक्ति, कम्पनि तथा फर्मका अधिकारिक एकजना प्रतिनिधि बाहेक अन्य व्यक्तिलाइ लिलाम बढाबढ गरिने स्थानमा प्रवेश गर्न र गराउन पाइनेछैन।

१४. लिलाम प्रक्रियामा कुनै विवाद आएमा ने.बि.प्रा.को निनियमावली तथा प्रचलित कानून बमोजिम अन्तिम निर्णय लिइने छ।

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

आयोजना व्यवस्थापन निर्देशनालय

काठमाडौं उपत्यका प्रशारण क्षमता सुदृढिकरण आयोजना

**सार्वजनिक लिलाम बढाबढको सूचना**

सूचना न. :- ०१ (लिलाम बढाबढ)२०७९ /०८०

(प्रथम पटक प्रकाशित मिति: २०८०/ ०३/२९)

नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय अन्तर्गत ठिमी वितरण केन्द्र मातहत रहेको भक्तपुर जिल्ला मध्यपुर थिमि न.पा. वडा नं. ६ स्थित ठिमी स्वीचिङ्ग सवस्टेशनको कम्पाउण्ड भित्र रहेको भवन भत्काउने र भत्काईएको भवनको कवाडी (Scrap) सामानहरु (ईलेक्ट्रिक सामान, मेशिन वाहेक) भवन संरचना मात्र जे जस्तो अवस्थामा छ सोही अवस्थामा ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली २०६८ (संसोधन सहित) विनियम ४६ उपविनियम ११ तथा विनियम ४७ मा व्यवस्था भए बमोजिम सार्वजनिक लिलाम बढाबढ प्रक्रियाबाट विक्रि गरिने भएकाले यो सूचना प्रकाशित गरिएको छ | प्रकाशित सूचना बमोजिम ईच्छुक प्राकृतिक व्यक्ति, फर्म वा कम्पनीले प्रथम पटक प्रकाशित सुचनाको मितिले २१ औ दिन (मिति २०८०|०४|१८) दिनको १ बजे भित्र उपस्थित भई आफ्नो नाम लेखाई लिलाम बढाबढ प्रक्रियामा सहभागी हुन पर्नेछ र सोहिदिन दिनको ३ बजे लिलाम बढाबढ गरिने गरि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धमा आवस्यक थप अन्य जानकारीको लागि नेपाल बिधुत प्राधिकरणको वेब साइट www.nea.org.np मा हेर्न सकिने छ|

# सम्झौता पत्र

लिखितम नेपाल विद्युत प्राधिकरण, काठमाण्डौं उपत्यका प्रशारण क्षमता सुदृढिकरण आयोजना, खरिपाटी, भक्तपुरका तर्फबाट ........................................................ (यसपछि "कार्यालय" भनिएको) र ........................................................................................ (यसपछि "खरिदकर्ता" भनिएको) बीच नेपाल विद्युत प्राधिकरण भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा., वडा नं. ६ स्थित ठिमी स्विचिंग स्टेशनको भवन भत्काउने र भत्काईएको कवाडी (Scrap) सामानहरु लिलाम बिक्री गर्ने निर्णय अनुसार मिति २०८०/०३/२९ मा प्रकाशित सार्वजनिक सूचना बमोजिम मिति २०८०/०४/१८ गतेका दिन...................... मा गरीएको लिलाम बढावढ प्रक्रियाबाट छनोट भएका खरिदकर्ता .................... ......... .... .................... ............. ............. .......................................लाई कार्य जिम्वेवारी दिने गरी कार्यालयको मिति ................ .. को निर्णय अनुसार कार्यालय एवं खरिदकर्ता बिच निम्न शर्तहरुको अधिनमा रहि यो सम्झौता गरिएको छ ।

**शर्तहरु**

१. उक्तानुसार लिलाम बढावढ प्रक्रियाबाट निर्धारित लिलाम बिक्री मूल्य रकम रु................ ............. ( अक्षरेपि .......................................) रहेको छ ।

२. खरिदकर्ताले लिलाम सकार गरेको उल्लेखित लिलाम बिक्री मूल्य रकम सम्पूर्ण सम्झौता सम्पन्न भएको ३(तीन) कार्यदिन भित्र ने.वि.प्रा.को सानिमा बैंकमा रहेको खाता नं. ०१५०१००२०००००३३ मा जम्मा गरि सोको सक्कल भौचर कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

३. खरिदकर्ताले शर्त नं २ बमोजिम उल्लेखित रकम जम्मा नगरेमा अन्तिम बोलकवोल वापत खरिदकर्ताले जम्मा गरेको धरौटी रकम कार्यालयले जफत गरी यस सम्झौता अन्त्य गरी दोश्रो बोलकवोलकर्तासँग सम्झौता प्रक्रिया अघि बढाउन सक्नेछ ।

४. सम्झौता सम्पन्न भएको ३ (तीन) कार्यदिन भित्र शर्त नं. २ बमोजिम खरिदकर्ताले रकम जम्मा गरे पश्चात कार्यालयबाट दिएको कार्यादेश अनुसार खरिदकर्ताले उल्लेखित भवन भत्काउने कार्य सुरु गर्नु पर्नेछ ।

५. भत्काइएको कवाडी (Scrap) सामानहरु मध्ये प्रयोग गर्न मिल्ने र नमिल्ने गरि २ भागमा छुट्टयाई प्रयोगमा नआउने सामानहरु पहिला उठाई लैजाने र अन्य प्रयोग गर्न मिल्ने सामानहरु उठाई लैजादा कार्यालय समय (विहान १०:०० बजे देखि दिउँसो ४:०० बजे) भित्र कार्यालयले तोकिदिएको आधिकारिक प्रतिनिधिको उपस्थितिमा लैजानुपर्नेछ ।

६. कार्यालयले कार्यादेश दिएको १५ पन्ध्र दिनको समयावधि भित्र सबै कवाडी (Scrap) सामानहरु उठाई फिल्ड खाली गराई सक्नु पर्नेछ ।

७. उक्त कवाडी (Scrap) सामानहरु अन्यत्र लैजादा स्थानीय कर, अन्य खर्च तथा दायित्व सम्पूर्ण लिलाम सकारकर्ता (**खरिदकर्ता**) आफैले व्यहोर्नु पर्नेछ ।

८. भवन भित्र रहेका इलेक्ट्रिक उपकरणहरु, चेकर प्लेटहरु, अर्थिंग गर्न प्रयोग भएका तामाका तार एवं उपकरणहरु समावेश गरिएका छैनन् ।

९. भवनको जग बाहेक अन्य भवन/संरचना भत्काउन **Heavy Equipment** प्रयोग गर्न पाइनेछैन ।

१०. भवन भत्काउदा निस्किने सामानको सुरक्षा जिम्मेवारी खरिदकर्ताको हुनेछ । साथै कुनै दुर्घटना आदीबाट जनधनको क्षति हुन गएमा सोको दायीत्व खरिदकर्ताको हुनेछ ।

११. खरिदकर्ताले सम्झौता अवधि भित्र साईट सफा गरि भवन भत्काउदा निस्कने मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त उल्लंघन गरेमा कार्यालयले जम्मा गरेको रकम जफत गरी सम्झौता अन्त्य गर्नेछ ।

१२. नेपाल विद्युत प्राधिकरणको भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ६ स्थित ठिमी स्विचिंग स्टेशनको भवन भत्काउने र भत्काईएको कवाडी सामानहरु लिलाम बिक्री गर्ने सम्वन्धमा **कार्यालय**बाट मिति २०८०/०३/२९ मा प्रकाशित सार्वजनिक सूचना तथा वेब साइट www.nea.org.np मा राखिएको सूचनाका शर्तहरु यस सम्झौताको अभिन्न अङ्ग मानी पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

१३. यस सम्झौतामा उल्लेख भएका बाहेक अन्य कुराको हकमा ने.वि.प्रा.को विनियम एवं प्रचलित कानून बमोजिम हुनेछ ।

**खरिदकर्ताको तर्फबाट**

व्यक्ति वा फर्मको नाम:

ठेगाना:

**(कम्पनी/फर्म/संस्था भएमा)**

आधिकारिक प्रतिनिधीको नाम:

पद:

कम्पनी/फर्म/संस्थाको छाप:

हस्ताक्षर:

दा. वा.

**साक्षी रोहवर**

नाम:

ठेगाना:

हस्ताक्षर:

**कार्यालयको तर्फबाट**

नाम:

पद:

हस्ताक्षर:

कार्यालयको छाप:

**साक्षी रोहवर**

नाम:

पद:

हस्ताक्षर:

ईति सम्वत २०८० साल ........... महिना..........गते रोज......शुभम्- - - - - - - - - - - - - - -

**(लिलाम बढाबढमा सहभागी हुन इच्छुक कम्पनी/फर्म/संस्थाले पेश गर्ने निवेदन)**

मितिः २०८०।  ।

श्रीमान आयोजना प्रमुख
नेपाल बिद्युत प्राधिकरण
काठमाण्डौं उपत्यका प्रशारण क्षमता सुदृढिकरण आयोजना
खरिपाटी, भक्तपुर ।

बिषयः लिलाम बढाबढमा सहभागी गराईदिने बारे ।

महोदय,

प्रस्तुत बिषयमा तहाँ कार्यालयको सूचना न. :-०१ (लिलाम बढाबढ)२०७९/०८० (प्रथम पटक प्रकाशित मितिः २०८०/ ०३/२९) मा प्रकाशित सूचना अनुसार भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ६ स्थित ठिमी स्विचिंग स्टेशनको भवन भत्काउने र भत्काईएको कवाडी सामानहरु उठाई लैजाने कार्यको लागि प्रकाशित सूचना बमोजिमका शर्तहरु पूर्ण रुपमा पालना गर्ने गरि उक्त सार्बजनिक लिलाम बढाबढ प्रक्रियामा यस कम्पनी/फर्म/संस्थालाई सहभागी गराईदिनुहुन निम्न कागजात साथै राखी यो निवेदन पेश गरिएको छ ।

कम्पनी/फर्म/संस्थाको नामः
ठेगानाः

आधिकारिक प्रतिनिधीको नामः
पदः
कम्पनी/फर्म/संस्थाको छापः

**संलग्न कागजातहरुः**

क. कम्पनी/फर्म/संस्थाको नवीकरण/अध्यावधिक रहेको प्रमाण सहित दर्ता प्रमाणपत्रको छायाकपी
ख. कम्पनी/फर्म/संस्थाको स्थायी लेखा नं दर्ता प्रमाणपत्रको छायाकपी
ग. कम्पनी/फर्म/संस्थाको गत आ.व. सम्म करचुक्ता रहेको प्रमाणको छायाकपी
घ. लिलाम बढाबढमा भाग लिने सम्वन्धी कम्पनी/फर्म/संस्थाको आधिकारिक निर्णयको छायाकपी
ङ. कम्पनी/फर्म/संस्थाको लेटरहेडमा लेखी छाप लगाई प्रमाणित गरिएको आधिकारिक प्रतिनिधी तोकिएको अख्तियारीपत्र सक्कलै
च. आधिकारिक प्रतिनिधीको परिचय खुल्ने कागजात/नागरिकता प्रमाणपत्रको छायाकपी

**(उक्त कागजातहरुको छायाकपी नोटरी पब्लिकबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ)**

**(लिलाम बढाबढमा सहभागी हुन इच्छुक प्राकृतिक व्यक्तिले पेश गर्ने निवेदन)**

मिति: २०८०।    ।

श्रीमान आयोजना प्रमुख
नेपाल बिद्युत प्राधिकरण
काठमाण्डौं उपत्यका प्रशारण क्षमता सुदृढिकरण आयोजना
खरिपाटी, भक्तपुर ।

बिषय: लिलाम बढाबढमा सहभागी गराईदिने बारे ।

महोदय,

प्रस्तुत बिषयमा तहाँ कार्यालयको सूचना न. :-०१ (लिलाम बढाबढ)२०७९/०८० (प्रथम पटक प्रकाशित मिति: २०८०/ ०३/२९) मा प्रकाशित सूचना अनुसार भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ६ स्थित ठिमी स्विचिंग स्टेशनको भवन भत्काउने र भत्काईएको कवाडी सामानहरु उठाई लैजाने कार्यको लागि प्रकाशित सूचना बमोजिमका शर्तहरु पूर्ण रुपमा पालना गर्ने गरि उक्त सार्बजनिक लिलाम बढाबढ प्रक्रियामा मलाई सहभागी गराईदिनुहुन निम्न कागजात साथै राखी यो निवेदन पेश गरेको छु ।

निवेदकको नाम:

ठेगाना:

हस्ताक्षर:

**संलग्न कागजातहरु:**

क. निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको छायाकपी

ख. निवेदकको ब्यक्तिगत स्थायी लेखा नं दर्ता प्रमाणपत्रको छायाकपी

**(उक्त कागजातहरुको छायाकपी नोटरी पब्लिकबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ)**

२०८०/४/१६